नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
चैत्र/वैशाख २०८०/२०८१ (April 2024) वर्ष २७/अङ्क ३०४

## ख्रीष्टको रगतमा स्थापित नयाँ करार

- एल्डर भुवन देवकोटा

संसारको इतिहासमा एक पटक मात्रै भएको घटना परमेश्वर पुत्र येशूले स्वर्गीय महिमा छाडी सय प्रतिशत मानव बनेर सारा संसारको पाप उठाइलैजाने थुमाको रूपमा क्रुसमा आफ्नो प्राण दिनुभयो । यसैको कारण हाम्रो पाप सदाको लागि क्षमा भएको छ । उहाँकै बलिदानद्वारा उहाँको रगतमा नयाँ करार स्थापना भएको छ । हामी त्यही नयाँ करारको युगमा आफ्नो मुक्तिपछिको यात्रामा छौं । हामीले पाएको अनन्त जीवन, मोक्ष, क्षमादान, पवित्र आत्माका सबै फल र उहाँबाट पाएका उत्कृष्ट कुराहरू येशूको रगतमा भएको नयाँ करारको कारण हो । तर अहिले करारलाई मानिसहरूले ज्यादै महत्व दिँदैनन् ।

### करार

करार भनेको विभिन्न पक्षहरूबीचको सम्झौता, सहमति हो, जसमा जीवन रहेसम्म सो करार र त्यसका वाचाहरू पूरा गर्ने प्रतिज्ञा समावेश हुन्छ । करारको महत्व यति हुन्थ्यो कि एउटा पक्षले करार भंग गरेमा करार कायम गर्ने पक्षले दोस्रो पक्षलाई प्राणदण्ड दिने कुरा पनि करारको सम्झौतामा कायम रहन्छ । त्यसकारण पुरानो करारको समयमा परमेश्वरले विभिन्न करार गरेर आफ्नो प्रेम, अभिप्राय, शक्ति प्रकट गरिरहनुभयो । बाइबलमा करार भन्ने शब्द र कार्य पवित्र र परमेश्वर संलग्न हुनुभएको कुरा हो ।

पुरानो करार परमेश्वरले इस्राएलीहरूसँग मात्रै विशेष सम्बन्धको लागि स्थापना गर्नुभएको थियो, येशूको आगमनको तयारीको लागि । सो करारमा मोशाको व्यवस्था सम्पूर्ण रूपले पालना गरिनुपर्थ्यो । पुरानो करारमा परमेश्वरले आफ्ना मानिसहरूसँग करार स्थापना गर्दा कुनै पशु मारी दुई फ्याक गरेर करार गर्ने पक्षहरू त्यसबाट पार भएर करारलाई पक्का गर्नुपर्थ्यो (उत्पत्ति १५:१०, १७, यर्मिया ३४:१८-१९) । यसरी करार पक्का गरेपछि त्यसलाई जीवनपर्यन्त पालन गर्नुपर्थ्यो । पुरानो करारको समयमा परमेश्वर आफूले गर्नुभएको करारप्रति हरतरहले विश्वासयोग्य रहनुभयो । तर इस्राएलीहरू त्यसमा विश्वासयोग्य नरहेको कारण अनेकौं हण्डरहरूको सामना गरे । मानिसले पुरानो करारको व्यवस्था पालन गर्न नसकेको कारणले नै परमेश्वरले नयाँ करारको तयारी उत्पत्तिको समयमै सुरु गर्नुभएको थियो ।

पुरानो करार आउन लागेको सिद्धताको छाया मात्रै थियो (हिब्रू १०:१-४) र यसले मानिसलाई पवित्र पार्न सक्दैनथ्यो । पुरानो करारले मानिसलाई मुक्ति दिनेभन्दा पापको चेतना ल्याउने काम मात्रै गर्थ्यो (रोमी ३:१९-२०) । पुरानो करार मानिसहरूको सामाजिक र व्यावहारिक जीवन असल बनाउनको लागि मात्रै थियो, यसले अस्थायी क्षमादान ल्याउँथ्यो । त्यो बेला पूजाहारीले मात्रै बलिदान चढाउँथे र मानिसहरू परमेश्वरको महापवित्र स्थानमा प्रवेश गर्न सक्दैनथे ।

### नयाँ करार

पुरानो करार अपूर्ण र मानिसलाई पापबाट बचाउने क्षमता नराख्ने भएकाले नै परमेश्वरले आफ्नो पुत्रलाई मानिसको पापको लागि पवित्र बलिदान हुन पठाउने योजना गर्नुभएको थियो । येशू त्यही मुख्य उद्देश्य लिएर यस पृथ्वीमा जन्मनुभयो । नयाँ करार अझ उत्तम करार हो (हिब्रू ७:२२) र यो अझ उत्तम प्रतिज्ञाहरूमा स्थिर छ (हिब्रू ८:६) ।

**"तब कचौरा पनि लिएर धन्यवाद दिई उहाँले तिनीहरूलाई यसो भनेर दिनुभयो, "तिमीहरू सबैले यसबाट पिओ किनभने यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बगाइन्छ"** (मत्ती २६:२७-२८) ।

माथिको पदअनुसार नयाँ करार येशूको रगतमा स्थापना भएको छ । जसरी पुरानो करारमा रगतले करारलाई पक्का गर्थ्यो, त्यसैगरी नयाँ करार पनि येशूको पवित्र रगतले पक्का गरिएको छ । जसरी जनावरको शरीर काटिन्थ्यो, त्यसरी नै परमेश्वरले येशूको शरीर हाम्रा लागि तोडिन दिनुभयो । निस्तार चाडलाई बन्द गरेर प्रभुभोजको विधि सुरु गर्दै येशू आफैंले घोषणा गर्नुभयो कि उहाँको रगतमै नयाँ करार स्थापना भएको छ । हामीले उहाँको मृत्युको सम्झनामा प्रभुभोज लिन्छौं । मानिसलाई सधैंको लागि बचाउने नयाँ करार स्थापना गर्नकै लागि येशूले क्रुसमा कष्ट भोग्नुभयो । परमेश्वरको प्रेमको सर्वोच्च प्रकटीकरण क्रुसमा भएको छ । यशैया ५३ अध्याय यसैको विवरण हो ।

### येशूको मृत्युले कसरी बचाउन सम्भव छ ?

छ किनभने उहाँको पवित्रता सारा सृष्टि र मानिसको सम्पूर्ण असल कुराहरूभन्दा ठूलो र विशिष्ट छ । सारा मानिस र उसका सुकर्मलाई एकातिर राखेर, येशूलाई अर्कातिर राखेर दाँज्दा येशूको निर्दोषपना, सिद्धता र शुद्धता अझ धेरै हुन्छ । त्यसकारण परमेश्वरले येशूको बलिदानलाई स्वीकार गरेर उहाँको शरीरद्वारा सबै मानिसलाई परमेश्वरको महामहिमामय स्वर्गमा जाने बाटो खोलिदिनुभयो । उहाँको मृत्युले आशाहीन संसारलाई आशा दिएर आफ्ना सृष्टिकर्ताकहाँ जाने र उहाँसँग मिलाप गर्ने बाटो खोलिदियो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | डाँछी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वैशाख १ गते** April 13 | एल्डर अर्जुन ढकाल | एल्डर पूर्ण सुनुवार | एल्डर सिद्धि खालिङ | डीकन राम ब.तामाङ्ग | श्रीमती निशा तामाङ्ग | पाष्टर घनश्याम दाहाल | एल्डर श्रीलक्ष्मी सैंजु | डीकन हरिश्चन्द्र महर्जन | डीकन अनिल चौधरी | डीकन कृष्ण नगरकोटी | डीकन सुरेन्द्र श्रेष्ठ |
| **वैशाख ८ गते** April 20 | पाष्टर सिमोन पाठक | डीकनेस् रश्मिला तामाङ्ग | श्री कल्याणी बस्नेत | एल्डर सिद्धि खालिङ | एल्डर पूर्ण सुनुवार | एल्डर ग्रेस खालिङ | पाष्टर रूबेन श्रेष्ठ | एल्डर बाबुराम के.सी. | श्री जीवन खालिङ | एल्डर भुवन देवकोटा | एल्डर राज गुरूङ्ग |
| **वैशाख १५ गते** April 27 | पाष्टर बर्णबास श्रेष्ठ | श्रीमती माया तामाङ्ग | डीकन सुबोध अधिकारी | डीकन भूपाल लामा | श्री सुचन तामाङ्ग | श्री जीवन खालिङ | डीकन सिमोन भण्डारी | एल्डर भुवन देवकोटा | पाष्टर प्रेम श्रेष्ठ | श्री डा.सुदान रूचाल | पाष्टर बर्णबास श्रेष्ठ |
| **वैशाख २२ गते** May 4 | पाष्टर अशोक मुखिया | डीकन राजु तामाङ्ग | डीकन कुमार गजमेर | श्री माया लामा | श्री विजय तामाङ्ग | पाष्टर दफ्तन सादा | पाष्टर रूबेन श्रेष्ठ | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | एल्डर यमदेवी पोखेल | एल्डर पेशल राई |

**"यसकारण भाइ हो, येशूको रगतद्वारा महापवित्र स्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ । हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं"** (हिब्रू १०:१९-२०) । यस खण्डमा खीष्टले हाम्रो लागि के गर्नुभयो भन्ने उल्लेख गरिएको छ । यसरी नयाँ करार हाम्रो हृदयमा लेखिएको छ र हामीलाई येशूको मृत्युले बचाउन सक्छ ।

**हामीले के प्राप्त गरेका छौं ?**

रोमी ५:९-१० अनुसार हामी परमेश्वरको क्रोधबाट बचाइनेछौं, परमेश्वरसँग हाम्रो मिलाप भएको छ । त्यसैगरी हामी खीष्टको जीवनद्वारा बचाइएका छौं । परमेश्वरले नयाँ करारमा दिनुभएका मुक्तिका आशिष्‌हरू हामी सबैको लागि ज्यादै मीठो र हाम्रो आफ्नै क्षमताले प्राप्त गर्न नसक्ने कुरा हो । सर्वशक्तिमान परमप्रभुले पापी मानिसहरूलाई नयाँ करारको कारण नै आफूसँग मिलापमा ल्याउनुभयो । उहाँको अनन्त दण्डबाट हामीले उम्किन पाएका छौं । त्यति मात्रै होइन, नयाँ करार ढुंगाको पाटीमा होइन, तर हाम्रा हृदयमा पवित्र आत्माद्वारा सदाको लागि लेखिएको छ किनकि येशूको रगतले हाम्रो हृदयलाई पापबाट क्षमा गरी अनन्तको लागि जीवित बनाएर परमेश्वरसँगको सम्बन्धमा जोडेको छ र उहाँको स्वरूप पनि पुनर्स्थापना भएको छ ।

नयाँ करारले अन्यजातिहरूलाई पनि उहाँको मुक्तिमा सहभागी हुने अवसर दिएको छ र हामीले उहाँको गौरवमय महिमामा सिधै प्रवेश पाएका छौं । सबै कुरा कुनै पनि कर्मबिना हामीले प्राप्त गरेका छौं । अब हामी व्यवस्थाको होइन, अनुग्रहको अधीनमा छौं ।

जसरी येशूले क्रुसमा मृत्यु सहनुभयो, त्यसरी हाम्रो पुरानो मनुषत्व पनि उहाँसँगै क्रुसमा टाँगिएको छ (रोमी ६:६, ७) । हाम्रो पुरानो जीवन पनि येशूको रगतमा नवीकरण भएको कारण हामी उहाँले दिनुभएको नयाँ जीवनअनुसार जिउनुपर्छ । उहाँको मृत्युको कारण नयाँ करारमा नयाँ जीवन प्राप्त गरेको कारण अब हाम्रो असल जीवन उहाँलाई धन्यवाद भन्ने किसिमले जिउनुपर्छ ।

## शुभ कामना

नव वर्ष २०८१ सालको सुखद् अवसरमा नेइम अन्तर्गतका सम्पूर्ण मण्डली परिवारहरु तथा सम्पूर्ण विश्वासीहरू र देशवासीहरुमा प्रेम, मेलमिलाप, एकता र शान्तिको लागि प्रार्थना तथा हार्दिक शुभ कामना व्यक्त गर्दछौं ।

## जानकारी



कुसुन्ती बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री सुदेश (पावल) राई ६६ वर्षको उमेरमा माघ २१ गते/फरवरी ४ तारिख आइतबारका दिन प्रभुमा सुत्नुभयो ।



मनमैजु बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्रीमती सुभद्रा तामाङ्ग ७७ वर्षको उमेरमा फागुन १९ गते/मार्च २ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | बैंसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वैशाख १ गते** April 13 | श्री राजेन्द्र घोरासैनी | एल्डर सागर थापा | एल्डर कृष्ण तामाङ्ग | एल्डर अष्ट श्रेष्ठ | एल्डर जमान घ्लान | डीकन उमेश मगर | डीकन गोपाल नगरकोटी | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर पिटर लिम्बू | एल्डर छोदेन कार्थक | डीकन डि.बि. राई |
| **वैशाख ८ गते** April 20 | डीकनेस् रमा महर्जन | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | श्री प्रेम गुरूङ्ग | डीकन कृष्ण श्रेष्ठ | एल्डर पेशल राई | डीकन अमृत लामा | एल्डर पिटर लिम्बू | डीकन सुक्रराज घिमिरे | एल्डर बी.एन पण्डित | डीकन बल ब. राई |
| **वैशाख १५ गते** April 27 | डीकन अशोक श्रेष्ठ | डीकनेस् सलोमी दों | एल्डर अष्ट श्रेष्ठ | श्री विकाश श्रेष्ठ | डीकनेस् उषा गौतम | एल्डर राज गुरूङ्ग | श्री तेज जिरेल | डीकन प्रशान्त सिंह | पाष्टर बर्णबास श्रेष्ठ | श्री प्रेम गुरूङ्ग | श्री कुमार सेन्चुरी |
| **वैशाख २२ गते** May 4 | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | डीकन अमृत लामा | एल्डर कृष्ण तामाङ्ग | एल्डर सागर थापा | पाष्टर प्रेम श्रेष्ठ | संयुक्त सेवा गाम्चा चर्च | पाष्टर बर्णबास श्रेष्ठ | एल्डर बेन्जामिन तामाङ्ग | पाष्टर कर्ण तामाङ्ग | एल्डर जोरविर राई |

# हार्दिक बधाई



फागुन १५ गते/फरवरी २७ तारिख, मंगलबार नेइम जोरपाटी डाँछी चर्चको सदस्य सुश्री मुस्कान शाही र नेइम सिर्जनानगर चर्चको सदस्य श्री डेविड शाहीको स्माट पार्टी प्यालेसमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन २० गते/मार्च ३ तारिख, आइतबार नेइम ललितपुर चर्चको सदस्य श्री सुमन तामाङ्ग र नेइम गुरुजुधारा चर्चको सदस्य सुश्री जसमिता थिङ्गको नेइम गुरुजुधाराचर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



फागुन १६ गते/फरवरी २८ तारिख, बुधबार नेइम जोरपाटी बैंसीगाउँ चर्चको सदस्य सुश्री अनिता प्रजापति र नेपाल इभान्जेलिएन चर्च, भक्तपुरको सदस्य श्री अमृत थामीको नेइम जोरपाटी डाँछी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



चैत्र ५ गते/मार्च १८ तारिख, सोमबार नेइम जोरपाटी डाँछी चर्चको सदस्य सुश्री नम्रता तामाङ्ग र द किङ्गदम अफ गड चर्च, रूपन्देहीको सदस्य श्री उमेश मगरको नेइम जोरपाटी डाँछी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विशेष प्रार्थना

१. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रमा उन्नति, प्रगति, सुधार आएको होस् ।

२. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डलीहरू र खीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाईमा बोझसाथ लागिपर्न सकून् भनी प्रार्थना गरौं ।

३. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै खीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

४. गूड फ्राइडे र इस्टरको समयमा विभिन्न माध्यमहरूद्वारा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू परमेश्वरको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

५. विभिन्न देशमा पढाइ, रोजगार तथा अन्य कामको लागि जानुभएकाहरूको सुरक्षाको लागि प्रार्थना गरिदिऔं साथै विदेशमा हुनुभएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा खीष्ट प्रभुलाई चिन्न सकून् ।

६. प्रभुको नाउँको विरूद्ध खडा भएका र प्रभुको नाउँको खातिर प्रभुका जनहरूको विरुद्ध खडा भई दुःख-कष्ट दिने, यातना दिने, खेदो निन्दा गर्ने र सतावट दिने व्यक्तिहरूको प्रभु येशूसँग जम्का भेट हुन सकोस् र उनीहरूले पनि प्रभु येशू खीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनेर आफ्नो हृदयमा बोलाउन सकून् ।

७. काम र पढाइको लागि विभिन्न देशहरूमा जानुभएका विश्वासीहरूले आफ्नो व्यस्तताको कारण प्रभुलाई बिर्सन नसकून् साथै कुनै न कुनै संगतिमा रहेर परमेश्वरलाई महिमा दिन सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २५ 7<br>ख्रीष्ट येशू प्रभुको क्रूसको मृत्यु र बौरी उठाइको सुसन्देश सारा संसारका मानिसहरूले आफ्नो बनाई सबैले अनन्त जीवन पाउन सकून्।<br>हिब्रू ९:२२-२८, १०:४-१० | २ 14<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनुको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ | ९ 21<br>हामी विश्वासीहरूको जीवन वचनमा जरा गाडिएका भई त्यसअनुरुप निर्माण हुँदै परमेश्वरको महिमाको लागि परिपक्व हुँदै जान सकौं ।<br>२ तिमोथी ३:१४-१६ | १६ 28<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाललाई पवित्र आत्माको अगुवाइमा विश्वास- योग्यताका साथ सधैं हेरचाह गरिरहन सकून्।<br>एज्रा ७:१०, भजनसंग्रह ७८:७०-७२ |
| **सोमबार**<br>Monday | २६ 8<br>मण्डलीको सबै विश्वासीहरू व्यक्तिगत, पारिवारिक, मण्डलीसँगको प्रार्थनाको क्षेत्रमा मूल्य चुकाउनेहरू हुँदै जान सकौं ।<br>प्रेरित २:४२-४३ र ४७ | ३ 15<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १:९-१४ | १० 22<br>मण्डलीका सबै समर्पित विश्वासीहरू मण्डलीको सेवा-संगतिहरूमा यथाशक्य सहभागी भई आफै पनि प्रभुमा बढ्दै र अरूलाई पनि प्रभुमा बढाउँदै जान सकौं।<br>कलस्सी ३:१६-१७ | १७ 29<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ |
| **मंगलबार**<br>Tuesday | २७ 9<br>मण्डलीको जीवनमा प्रार्थना, वचन पढाइ, स्तुति प्रशंसा, सुसमाचार प्रचारमा सिथिलता नआएको होस् ।<br>कलस्सी ३:१६-१७ | ४ 16<br>मण्डलीलाई अगुवाइ गरिराख्नुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>१ कोरिन्थी १:१०, फिलिप्पी २:१-५ | ११ 23<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिँड्नेहरू भई फलवन्त जीवन जिउन सकौं ।<br>गलाती ५:२२-२५ | १८ 30<br>मण्डलीमा पवित्र आत्माबाटको आश्चर्यकर्म, चिन्ह, चंगाइ ठूला ठूला कामहरूको लागि प्रार्थना गरौं जसको कारण धेरै मानिसहरू सुसमाचार सुनेर साथै यी कामहरूद्वारा पनि मानिसहरू परमेश्वरको राज्यमा आउन सकून् ।<br>प्रेरित ५:१२-१६, |
| **बुधबार**<br>Wednesday | २८ 10<br>घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस् ।<br>एफिसी ४:११-१६ | ५ 17<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>तीतस ३:१-८ | १२ 24<br>प्रभु येशूको नाउँको खातिर दुख, कष्ट, खेदो निन्दा र सतावटमा पर्नुभएकाहरूको निम्ति प्रार्थना गरिदिऔं।<br>प्रेरित ९:१५-१६,, फिलिप्पी १:२६-२९ | १९ May 1<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७, ११ |
| **बिहीबार**<br>Thursday | २९ 11<br>परमेश्वरले दिनुभएका सबै बाल बालिकाहरू साथै छोराछोरीहरूको पढाइ, पालन पोषणको साथै आत्मिक कुराहरूमा पनि ध्यान पुऱ्याउनेहरू हुन सकौं ।<br>व्यवस्था ११:१८-१९, एफिसी ६:४ | ६ 18<br>सुसमाचार प्रचारको साथै पवित्र आत्माबाट पाएका वरदानहरू आँटिलो सहासिलो भई चलाउन सकौं ।<br>मर्कूस १६:१५-२० | १३ 25<br>युवाहरूको पढाइ, काम, व्यवसाय, विवाह, पारिवारिक जीवनका सबै क्षेत्रहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ८५:१२, याकूब १:१७ | २० 2<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ |
| **शुक्रबार**<br>Friday | ३० 12<br>हामी विश्वासीहरू वचन पढ्ने, सुन्ने साथै मनन् गर्नेहरू भई त्यसअनुसार पालन गर्दै जानेहरू हुन सकौं ।<br>२ तिमोथी ३:१६-१७ | ७ 19<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | १४ 26<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको भरपूरी र अगुवाइ मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | २१ 3<br>आराधना सेवामा सबैजना आराधना गर्न, वचन, सुन्न र आज्ञाकारी हुन हृदयको तयारीको साथ आउन सकून् ।<br>प्रेरित २:४२,४३ र ४७ |
| **शनिबार**<br>Saturday | वैशाख १ 13<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>रोमी १२:११-१२ | ८ 20<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:१-२० | १५ 27<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>हितोपदेश ११:१ | २२ 4<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ |

**"मैले तिनीहरूलाई जाति-जातिहरूका बीचमा तितरबितर पारें तापनि टाढा-टाढा देशहरूमा तिनीहरूले मेरो सम्झना गर्नेछन् । तिनीहरू र तिनीहरूका छोराछोरीहरू बाँच्नेछन् र फर्कनेछन् । म तिनीहरूलाई मिश्रदेशदेखि फर्काएर ल्याउनेछु, र अश्शूर देशबाट तिनीहरूलाई भेला गर्नेछु । तिनीहरूलाई गिलाद र लेबनान देशहरूमा ल्याउनेछु, र तिनीहरूलाई त्यहाँ यथेष्ट ठाउँ हुँदैन । तिनीहरू दु:खको सागरबाट पार हुनेछन् । त्यसका छालहरू साम्य हुनेछन् र नील नदीका सबै गहिरा-गहिरा ठाउँहरू सुक्दै जानेछन् । अश्शूरको अहंकार झारिनेछ, र मिश्रको राजदण्ड बितेर जानेछ । म तिनीहरूलाई परमप्रभुमा सामर्थी तुल्याउनेछु, र तिनीहरू उहाँकै नाउँमा हिँड्डूल गर्नेछन्" परमप्रभु भन्नुहुन्छ ।**

**जकरिया १०:९-१२**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,